Website मा प्रकाशन
गर्ने

**<u>मिति २०८३ साल जेष्ठ ७ गते बसेको नगरकार्यपालिकाको ६३ औं बैठकको प्रस्ताव तथा निर्णयहरु:-</u>**

**<u>प्रस्तावहरु:-</u>**

१) विपद् पुर्वतयारी सम्बन्धमा ।

२) कृषक समुह दर्ता खारेज सम्वन्धमा ।

(क) भ्याम्पेयाङ कृषक समुह, धुनिवेशी न.पा.-७, धादिङ

(ख) नयाँगाउँ प्राङ्गारिक कृषक समुह, धुनिवेशी न.पा.३, धादिङ

३) विविध

(क) प्रशासकीय भवनको बाँकी रकम भुक्तानी र फरफारक सम्वन्धमा

(ख) औद्योगिक ग्राम निर्माण कार्य सम्वन्धमा ।

(ग) पालेको वन मगरगाउँ नाकेडाँडा विर्ता खानेपानी योजनाका सम्बन्धमा ।

(घ) साझेदारीमा ईलाका प्रहरी कार्यालय खानीखोलाले बनाएको धुनुवा कक्ष निर्माणको लागत रकम भुक्तानी गर्ने सम्वन्धमा ।

(ङ) संघीय शसर्त अनुदानको बाँझो जमिनमा फलफुल लगाउने कार्यक्रमका सम्बन्धमा

(च) लोगो निर्माण सम्बन्धमा ।

(छ) दिव्य सञ्जीवनी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.ले पेश गरेको निवेदनका सम्बन्धमा

(ज) कबड्डी निर्णयक तालिममा सहभागी भएका खेलाडीका सम्वन्धमा ।

(झ) एम्वुलेन्स दुर्घटना सम्बन्धमा ।

(ञ) सेफ हाउस र वृद्धवृद्धा विश्रामस्थल संचालन सम्वन्धमा ।

(ट) मच्छिन्द्रावन-कोइरालाटार सडक र खानीखोला-वरथुम्की सडक ग्राभेल सम्वन्धमा ।

<u>निर्णय नं.१</u>

प्रत्येक वडाहरुमा विपद् पुर्वतयारीका रुपमा दैनिक ज्यालादारीमा रु.८५०।- उपलब्ध गराउने गरी २ जना कामदारहरुलाई काममा लगाउने जसका लागी ९ वटा ठेलागाडा, ९ वटा सावेल, ९ वटा पिक, र ९ वटा खुर्पा खरिद गरी वडा कार्यालयहरुमा पठाउने निर्णय गरियो । साथै गत साल तयार गरिएको मनसुनजन्य घटनाको पूर्व तयारी तथा प्रतिकार्य योजनालाईनै यस वर्ष पनि निरन्तरता दिने समेत निर्णय गरियो ।

<u>निर्णय नं.२</u>

यस नगरपालिकाको कृषि विकास शाखामा दर्ता भएको भ्याम्पेयाङ कृषक समुह धुनिवेशी न.पा.-७ र नयाँगाउँ प्राङ्गारिक कृषक समुह धुनिवेशी न.पा.३ ले कृषक समुह खारेज गरी पाउँ भनी निवेदन पेश गरेको व्यहोरा उल्लेख गरी कृषि विकास शाखा मार्फत कृषक समुह खारेजीका लागि पेश भएको देखिँदा उक्त कृषक समुहहरुले पेश गरेको निवेदनका साथ संलग्न कागजातहरु सम्बन्धित शाखाले

रुजु गरी दायित्व बाँकी बक्यौता भए नभएको हेरी दायित्व फरफारक भई सकेको अवस्था भए ७ दिने दावि विरोधको सुचना प्रकाशन गरी भ्याम्पेयाङ कृषक समुह, धुनिवेशी न.पा.-७ र नयाँगाउँ प्राङ्गारिक कृषक समुह, धुनिवेशी न.पा.३ लाई दर्ता खारेजीका लागी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-क)**

धुनिवेशी नगरपालिका र निर्माण व्यवसायी Rabina/Abisha/Beacon JV विच मिति २०७७।०५।२४ मा ठेक्का नं. २३/BLDG/DM/०७६/०७७ Construction of Office Building of Dhunibeshi Municipality को ठेक्काको प्राविधिकबाट कार्यसम्पन्न प्रतिवेदन तयार गरेको मितिलाई कार्यसम्पन्न मिति कायम गरी भुक्तानी दिन बाँकी रकम भूक्तानी गरी फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-ख)**

औद्योगिक ग्राम निर्माण कार्यका लागी भएको ठेक्का नं.२४/AG/DM/०७९/०८० अन्तरगत S.Y.K. Construction प्रा.लि.सँग भएको सम्झौता ८६.६३ प्रतिशत कार्य सम्पन्न भएकोमा प्राविधिक अवस्था, जग्गा सिमा विवाद तथा लामो समय देखी कार्य अवरुद्ध रहेकोले आगामी दिनमा पुरा कार्य लगाउन समेत अवस्था नरहेकोले ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-ग)**

धुनिवेशी नगरपालिका वडा नं.६ स्थित ठेक्का नं. ४१/Work/SQ/ DM/०८१/०८२ पालेको वन मगरगाउँ नाकेडाँडा विर्ता खानेपानी योजनाको ७१ प्रतिशत कार्य सम्पन्न भएकोमा थप काम गर्नका लागी विवाद उत्पन्न भई स्थगित रहेकोले भईसकेको कामको मुल्यांकन गरी फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-घ)**

साझेदारीमा ईलाका प्रहरी कार्यालय खानीखोलाले बनाएको थुनुवा कक्ष निर्माणको लागत रु.१ लाख ६० हजार मध्ये रु. १ लाख पेश भए बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-ङ)**

संघीय शसर्त अनुदानको साविक कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट **बाँझो जग्गा सदुपयोगका लागी कृषि विकास कार्यक्रम** रहेकोमा सो कार्यका लागी कार्यविधि अनुसार यस नगरपालिकाको नर्सरी देखी प्रशासकीय भवन सम्म साविक नौविसे ४/ग हाल धुनिवेशी नगरपालिका वडा नं.९ को कित्ता नं.८३ मा गह्रा सुधार गरी फलफुलका विरुवा लगाउने र वन्यजन्तु तथा पशुपन्छीहरुबाट क्षति नियन्त्रणका लागी घेराबार गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-च)**

धुनिवेशी नगरपालिकाको लोगो निर्माणका लागी समिति गठन भई उक्त समितिले उत्कृष्ठ लोगो बनाउने व्यक्ति तथा संस्थालाई रु.४० हजार (कर बाहेक) प्रदान गर्ने गरी सार्वजनिक सूचना आव्हान गर्न सिफारिस भई आएको हुँदा धुनिवेशी नगरपालिकाको उत्कृष्ट लोगो निर्माण गर्ने १ जना व्यक्ति

तथा संस्थालाई रु.४० हजार (कर बाहेक) प्रदान गर्ने गरी समितिले निर्धारण गरेको आधारहरु समावेश गरी लोगो निर्माण गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने तथा लोगो छनौट तथा मुल्यांकनका लागी विज्ञहरुलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (विविध-छ)**

दिव्य सन्जीवनी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.ले धुनिवेशी नगरपालिका वडा नं.१ मा ५ दिनं अकुपन्चर र आयुर्वेद शिविर संचालन गर्नका लागी अनुमति पाउं भनी निवेदन पेश गरेकोमा नगरपालिकाको तर्फबाट अधिकतम रुपमा उक्त शिविरमा आएका नगरवासीहरु तथा व्यवस्थापन सहयोगीहरुको खाना खाजाका लागी रु.३० हजार सम्मको खर्च व्यहोर्ने गरी अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३ (विविध-ज)**

शिक्षा युवा तथा खेलकुद शाखाको च.नं.२१३९ मिति २०८३।०१।१६ को सिफारिस वमोजिम धादिङ कबड्डी संघद्वारा मिति २०८३।०१।१८ देखी २० गते सम्म सञ्चालित कबड्डी निर्णयक तालिममा सहभागी भएका खेलाडी शुभम् राउतले पेश गरेको निवेदनानुसार निजले उक्त तालिम अवधिमा व्यक्तिगत रुपमा खर्च गरेको रकम रु.८ हजार निजलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ (विविध-झ)**

नौविसे स्वास्थ्य चौकी अन्तरगत सञ्चालित बा.प्र.०१-००२ झ ६०५७ नम्बरको एम्वुलेन्सले पटन अस्पताल सम्म विरामी पुऱ्याई फर्कने क्रममा काठमाण्डौको वल्खु चोकमा बा.प्र.०२-३३-प-४८०१ नम्बरको स्कुटरसँग ठोक्किन गई २०८३ वैशाख २४ गते दुर्घटना परेको स्कुटर चालक घाइते भई उपचारको लागी वयोधा अस्पताल वल्खुमा भर्ना भई उपचार गराउंदा लागेको खर्च र स्कुटरको मर्मत खर्च उपलब्ध गराउने गरी मिति २०८३।०२।०१ मा नगरपालिका र स्कुटर चालक पक्ष विच ट्राफिक प्रहरी प्रभाग वल्खुमा भएको सहमती अनुसार भुक्तानी गरी विमा मागदावी समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ (विविध-ञ)**

२०८३ जेष्ठ १० गतेबाट वृद्धवृद्धा विश्राम स्थल र सेफ हाउस संचालन हुने जानकारी वैठकमा गराइयो । सहयोगापेक्षी नागरिकहरुलाई जानकारी गराई सिफारिस गर्न वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ (विविध-ट)**

विपद् र मनसुन पुर्व नै मच्छिन्द्रावन-कोइरालाटार सडक र खानीखोला-वरथुम्की सडक ग्राभेलको लागी वडा तथा नागरिकहरुबाट माग भई आएको हुंदा उक्त सडक ग्राभेल गर्नका लागी ४ वटा टिप्पर भाडामा लिई सुरक्षित स्थानवाट ग्राभेल निकाली उक्त सडक खण्डमा प्राविधिक इष्टिमेट र मुल्यांकन गरी ग्राभेल गर्ने निर्णय गरियो ।